भिमाद नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०७६/०७७
चलानी नं. : ९३६

मिति : २०७६/०९/०८

श्री तनहूँ खबर राष्ट्रिय दैनिक,
शुक्लागण्डकी, तनहूँ ।

**विषय : सूचना प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७६/०९/०९ गतेको दिन शिलवन्दी दरभाउपत्र सम्बन्धी ठेक्काको सूचना प्रकाशन गर्नु पर्ने भएकोले संलग्न सूचना प्रकाशन गरिदिनु हुन अनुरोध छ ।

शमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६५-५७२३०६, ०६५-५७२४७२ । ईमेल : bhimadmunicipality@gmail.com

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ

**भिमाद नगरपालिका क्षेत्राधिकार भित्रको कवाडी मालको कवाडी कर संकलन सम्बन्धी सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना !**

(पुनः प्रकाशित मिति २०७६/०९/०९)

भिमाद नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (४) र सोही ऐनको परिच्छेद-९, दफा ६१ बमोजिम आ.व. २०७६/०७७ का लागि तपसिल बमोजिमको कवाडी मालको कवाडी कर संकलनका लागि कार्यालयले तोकेको न्यूनतम रकमबाट बढाबढ हुने गरी ठेक्का माध्यमबाट गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु अनुसार ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समयभित्र दरभाउपत्र खरिद गरी फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व.२०७४/०७५ को करचुक्ता प्रमाणपत्र, ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित पेस गरी रितपूर्वकको गोप्य शिलवन्दी दरभाउपत्र आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल :</u>

| ठेक्का नं. | विवरण | न्यूनतम रकम रु. (अग्रिम आयकर र मू.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|
| ०८/२०७६-०७७ | कवाडी मालको कवाडी कर | ७५,०००।०० (अक्षेरुपी पचहत्तर हजार मात्र) | १,०००।०० (अक्षेरुपी एक हजार मात्र) | कबोल अङ्कको ५ प्रतिशत |

<u>शर्तहरु :</u>

१. यस कार्यालयबाट प्रमाणित भएको दरभाउपत्र फाराम शिलवन्दी दरभाउपत्र दाता स्वयं वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, नागरिकता, ईजाजत पत्र र आ.व. २०७४/०७५ को करचुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३. शिलवन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात मिति २०७६/०९/१५ गते कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । शिलवन्दी दरभाउपत्र फारामहरु भरी शिलबन्दी गरी ८ औं दिन अर्थात मिति २०७६/०९/१६ गतेको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दाताहरुको समेत रोहवरमा खोलिनेछ।शिलवन्दी दरभाउपत्र दाताहरु उपस्थित नभएमा पनि शिलवन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । शिलवन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

४. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन, तर शिलवन्दी दरभाउपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा शिलवन्दी दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

५. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन ।

६. शिलबन्दी दरभाउपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र शिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर र ठेक्का विवरण स्पष्ट लेख्नुपर्नेछ ।

७. कवाडी मालको कवाडी कर सम्बन्धी दर नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ र दर दरभाउपत्रका साथ उपलब्ध गराइनेछ ।

८. शिलवन्दी दरभाउपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग लेखि कबोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड, भिमादमा रहेको धरौटी खाता च.हि.नं. A7CA500649524004 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत (विड बण्ड) गोप्य शिलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

९. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३% र अग्रीम आयकर वापतको १.५% थप गरी कुल रकम कायम गरी सम्झौता गरिनेछ ।

१०. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता ५०% मध्ये पहिलो किस्ता ५०% सम्झौताको बखत दाखिला गरी बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैकबाट २०७७ माघ मसान्त सम्म मान्य हुने बैक जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । बाँकी ५०% रकमको किस्ता २०७६ चैत्र मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

११. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाएमा दरभाउपत्र दाताले कबोल गरेको अंकको ५% छुट दिइनेछ।

१२. शिलवन्दी दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र जमानत (विडबण्ड) रकम छनौट भएको दरभाउपत्र दातासँग कार्यालयको सम्झौता भएको ३ (तिन) दिन पछि मात्र प्राप्त हुनेछ ।

१३. पेश भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. कवाडी मालको कवाडी कर असुल गर्दा तोकिएको दररेटमा मात्र कवाडी कर असुली गर्नु पर्नेछ । कार्यालयले तोकेको दररेट भन्दा बढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडी प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१५. कवाडी मालको कवाडी कर संकलन तथा कारोबार गर्दा बालश्रम प्रयोग गर्न पाईने छैन ।

१६. कुनै पनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। कवाडी मालको कवाडी कर संकलन गर्दा कुनै विवाद उत्पन्न भएमा शिलबन्दी दरभाउपत्र दाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

१७. माथि उल्लेखित शर्तहरु उल्लघंन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी कार्यालयलाई सम्झौता बमोजिम बुझाउनु पर्ने बाँकी रहेको किस्ता रकम र सोही रकमको १०% थप गरी कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) बाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइने छ ।

१८. स्वीकृत दरभाउपत्र दाताले मासिक रुपमा आफुले कवाडी कर संकलन गरेको विवरण अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

१९. यस सूचना र शिलवन्दी दरभाउपत्र फाराममा उल्लेख बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२०. विस्तुत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५७२४३६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको website www.bhimadmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत